सम्वत् २०७९ सालको कार्यविधि नं. ५

# भगवतीमाई गाउँपालिका गाउँपालिका द्धन्द्ध प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७९

गाउँ कार्यपालिकाबाट पारित मिति :२०७९/०८/२८
प्रमाणिकरण मितिः २०७९/०८/२८

भगवातिमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश

**भगवतीमाई गाउँपालका**

## द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७९

**प्रस्तावनाः** संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिकालागि भएका सबै किसिमका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, बेपत्ता परिवार, घाईते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारलाई द्वन्द्वको पीडा कम गर्न "द्वन्द्व पिडितका साथ" भन्ने नाराका साथ द्वन्द्वपीडीत परिवारहरुका लागि स्वास्थ्य उपचार, सिप अभिवृदी र रोजगारी लगाएतका कार्यक्रमहरुमा सहयोग गर्न आ.ब २०७९/०८० को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न यस भगवतीमाई गाउँपालकाले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्विधिको नाम "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधी ,२०७९ रहेको छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "द्वन्द्व प्रभावित परिवार" भन्नले संघीइ लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनीतिक आन्तदोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक बेपत्ता घाईते तथा आपाङ्गता भएका व्यक्ति तथा द्वन्द्व पीडितका परिवारलाई सम्झनु पर्छ ।

ख) "परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलन हरुका सहिद मृतक, बेपत्ता भएका परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा अविवाहित छोरी, धर्मपुत्र, अविवावहित धर्म पुत्री, नातिनतिना, बुवाआमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिलाको हकमा निजको सासू, ससूरा समेतलाई जनाउँछ ।

ग) "गाउँपालिका" भन्नाले भगवतीमाई गाउँपालिका सम्झनु पर्छ ।

घ) " वडा " भन्नाले यस भगवतीमाई गाउँपकलिका भित्रका १ देखि ७ सम्मका सम्पूर्ण वडा सम्झनु पर्छ ।

ङ) " सहायता प्राप्त गर्न व्यक्ति " भन्नाले संघीय तोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनीतिक आन्दोलनका सहिद, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका ब्यक्ति तथा परिवार एवं पीडितका परिवारको व्यक्ति सम्झनु पर्छ ।

च) " वडा समिति " भन्नाले दफा ६ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

३. **सहायता सम्बन्धी व्यवस्था:** (१) द्वन्द्ध प्रभावित परिवारका सदस्यले देहाय बमोजिम कुनै एक शिर्षकमा सहायता प्राप्त गर्न देहाय बमोजिम विवरण खुलाई वडा समिति समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) औषधि उपचार,

ख) सीप विकास तालिम,

ग) स्वरोजगार मुलक व्यवसाय ।

४. **सहायताको सिमा:** द्वन्द्ध पिडितले यस कार्यविधि बमोजिम सहायता प्राप्त गर्ने देहायको सहायता देहाय बमोजिम खर्च तथा सुविधा पाउने छः

क) औषधि उपचारको हकमाः-

१) द्वन्द्ध पिडितलाई औषधि उपचार वापत सहायता प्रदान गर्दा त्यस्तो द्वन्द्ध पीडितले औषधि उपचार गरी सहायता रकमका लागि निवेदन दिएमा बिल बमोजिम ५०,०००( पचास हजार रुपयाँ मात्र ) नबढ्ने गरी औषधी उपचार खर्च उपलब्ध गराइनेछ ।

२) यस कार्यविधि बमोजिम औषधि उपचारको लागि सहायता माग गर्ने द्वन्द्ध पीडित व्यक्ति अपाङ्ग भई दिर्घकालसम्म कृतिम सहारा लिनु पर्ने भएका व्यक्तिहरुले थप सहायता रकम माग गरे उनिहरुको दैनिक जीवनलाई सरल र सहज बनाउने त्यस्ता आवश्यक सहयोगी सामाग्रिको लागि उपखण्ड (१) र (२) को सहायता बाहेक थप विल बमोजिम रु ५००० मा नबढ्ने गरी सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

ख) स्वरोजगार मुलक व्यवसायको हकमाः स्वरोजगार मूलक व्यवसाय गर्न द्वन्द्ध पीडित तथा निजको परिवारले निवेदन साथ व्यवसाय सञ्चालनका लागि आवश्यक व्यवसाय दर्ता प्रमाणपत्र, वडा कार्यालयको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना सहित व्यवसाय गर्न चाहेमा रु ४०,०००। सम्मको बिउ पूँजी वा अन्य सामाग्रि/ वस्तु उपलब्ध गराउन सक्नेछ ।

**५.सहायता प्राप्त गर्ने कार्यविधि:** (१) यस कार्यविधि बमोजिम द्वन्द्ध पीडित तथा निजको परिवालरले यस कार्यविधि बमोजिम कुनै सहायता माग गर्दा त्यस्तो व्यक्तिले अनूसूची १ बमोजिमको ढाँचामा सूचना तोकिएको म्याद भित्र निवेदन र देहायकको कागजात संलग्न गरी सम्बन्धीत वडामा रहने वडा समितिमा निवेदन पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) आधिकारिक निकायबाट जारी भएको परिचय पत्र वा प्रचतिल कानून बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट द्धन्द्ध पीडित भनी सूचिकरण भएको पुष्टयाई गर्ने कागजात,

ग) आफुले माग गरेको सहयोगको विवरण/ प्रकार,

घ) औषधी उपचारको हकमा चिकित्सकको प्रेश्कृप्सन र औषधि खरिद गरेको संलग्न बिल,

ङ) स्वरोजगार मूलक व्यवसाय गर्न चाहन् व्यक्तिको हकमा व्यवसायका लागि आवश्यक पर्ने सम्बन्धित वडा कार्यालयको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना,

च) सम्बन्धित माग निवेदन संग पुष्टयाई हुने अन्य कागजातहरु ।

२) यस कार्यविधि बमोजिम आवेदन गर्दा दफा ३ को उपदफा १ बमोजिमको कुनै एक सहायताका लागि मात्र आवेदन दिनु पर्नेछ ।

३) यस कार्यविधि बमोजिम सहायता वितरण गर्दा जिल्ला प्रशासन दैलेखबाट प्राप्त अभिलेखलाई आधार मानी वितरण गरिनेछ ।

तर जिल्ला प्रशासनको अभिलेखमा नरहेको भए तापनी सत्य निरुपण तथा मेलमिलाप आयोगबाट द्धन्द्ध पिडित हो भनी किटानी सिफारिस गरेको द्धन्द्ध पीडित भनी सूचिकरण गरेको वा जारी गरेको परिचयपत्र पेश गरेमा सहायता रकम दिन बाधा पर्ने छैन ।

६**. वडा समितिः** (१) यस कार्यविधि बमोजिम गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न र कार्यक्रमको गुणस्तरियता तथा सदुपयोग सुनिश्चितता प्रदान गर्न सम्बन्धीत वडा तहमा देहाय बमोजिमको एक वडा समिति हुनेछ ।

क) वडा अध्यक्ष, संयोजक

ख) वडा सचिव/ सम्बन्धित वडाको सदस्य सचिव

ग) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख सदस्य

(२) वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने,

ख) मनासिव देखिएका निवेदन उपर तोकिए बमोजिमको रकम, तालिम र व्यवसाय सहायता उपलब्ध गाराउन गाउँपालिकामा सिफारिस गर्ने,

ग) सहायता रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

घ) सहायता रकम दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

ङ) गाउँपालिकाबाट प्राप्त निर्देशन अनुसार अन्य कार्यहरु गर्ने, गराउने ।

**<u>८. भुक्तानी प्रक्रियाः</u>** द्धन्द पिडित प्रमाणित कागजातको आधारमा वडा कार्यालयको सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित द्धन्द्ध पीडित तथा निजको परिवारका सदस्यको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

**<u>९. प्रतिवेदनः</u>** स्वीकृत कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको बार्षिक प्रतिवेदन सम्बन्धित शाखाले १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकका समक्ष पेश गर्नु पर्नेछ ।

**<u>१०. सहायता रकमको सीमाः</u>** यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमाभित्र रहेर उपलब्ध गराइनेछ ।

**<u>११. दोहोरो सहायता लिन नहुनेः</u>** (१) दफा ३ को उपदफा १ मा तोकिएको शिर्षकमा एक व्यक्ति वा परिवारका लागि कुनै एक शिर्षकबाट मात्र सहायता उपलब्ध गराइनेछ । त्यस्तो सहायताको लागि निवेदन दिँदा कुनै एक शिर्षकमा मात्र निवेदन दिनु पर्नेछ ।

**<u>१२. झुठा पेश गरी आर्थिक सहायता लिनेलाई कारवाहीः</u>** झुट्ठा विवरण वा यथार्त भन्दा बढी खर्च देखाई स्वीकृत मापदण्ड भन्दा बढी रकम सहायता दिएको पाइएमा सम्बन्धीत सहायता रकम लिने व्यक्तिबाट बुझी लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**<u>१३. मापदण्ड भन्दा बढी सहायता रकम दिने निर्णय गर्ने खर्च गर्न नहुनेः</u>** (१) यस कार्यविधिमा उल्लेखित सीमा भन्दा बढी हुने गरी कुनै व्यक्तिलाई सहायता रकम दिन पाइने छैन ।

(२) उपदफा (१) मापदण्ड विपरित हुने गरी सहायता रकम दिएको पाइएमा त्यसरी दिएको रकम सरकारी बाँकी सरह भुक्तानी दिने आधिकारीबाट असूल उपर गरिनेछ ।

**<u>१४. लेखा तथा लेखापरिक्षणः</u>** (१) यस कार्यविधि बमोजिम सहायता रकम खर्चको लेखा तथा लेखापरिक्षण प्रचलित कानून बमोजिम राख्ने एवं गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिम भएको कामकारबाहीको विवरणको अभिलेखिकरण सम्बन्धीत शाखाले गर्नु पर्नेछ ।

अनूसूची १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

निवेदनको ढाँचा

विषयः सहयोग रकम पाउँ ।

श्री संयोजक ज्यू,

वडा समिति,.....................................।

म राजनैतिक आन्दोलनमा बेपत्ता परिवार/ घाइते/अपाङ्गता भएका व्यक्ति/ द्धन्द्ध पीडित परिवार भएकाले द्धन्द्ध प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा (३) बमोजिमको औषधि उपचार/ सीप विकास तालिम/ स्वरोजगार मूलक व्यवसाय सञ्चालनको लागि निम्न लिखित कागजात संलग्न गरी सहयोग रकम उपलब्ध गराइ दिनुहुन निवेदन गर्दछु ।

<u>संलग्न कागजातः</u>

१. नेपाली नागरिकताको प्रतिलिपि,

२. हालसालै खिचेको २ प्रति फोटो,

३. औषधि उपचारको हकमा चिकित्सकको प्रेश्कृष्सन र औषधि/ सामाग्रि खरिद गरेको सक्कल बिल,

४. स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तिले व्यवसायका लागि आवश्यकको सिपको प्रमाणपत्र व्यवसाय दर्ता प्रमाणपत्र, वडा कार्यालयको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना,

५. पहिला यस किसिमको सुविधा नलिएको स्वघोषणापत्र,

६. सम्बन्धित माग निवेदन सँग पुष्टयाई हुने अन्य कागजातहरु ।